## श्री ५ को सरकार
# कृषि मन्त्रालयको सूचना

खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्न लिखित खाद्य पदार्थको गुणस्तर वा मात्रा निम्नबमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### ०४.०४.०१ संगलो जिराः

संगलो जिरा भन्नाले क्यूमिनम साइमिनम एल (Cumin cyminum L.) जातको सुकेको बीउलाई सम्झनु पर्दछ । यसमा धूलो, माटो, डाँठ, पराल र अन्य बाह्य पदार्थहरू तौलको हिसाबले ७.० प्रतिशत भन्दा बढी हुनु हुँदैन । कीराले क्षति पुऱ्याएको गेडाहरू तौलको हिसाबले ५.० प्रतिशतमा नबढेको, खान हुने गेडाहरू जीरा बाहेक अन्य गेडा तौलको हिसाबले ५.० प्रतिशतमा नबढेको तथा बाहिरी रंग नमिसाइए-को हुनु पर्दछ । बाह्य पदार्थ जिरा बाहेक अन्य खान हुने गेडा र किराले क्षति पुऱ्याएको गेडा प्रतिशत जोड्दा तौलको हिसाबले १०.० प्रतिशत भन्दा बढी हुनु हुँदैन ।

### ०४.०५.०१ संगलो मरीचः

संगलो मरीचको गेडा भन्नाले पाइपर नाइग्रम एल (Piper nigrum L.) को चाउरिएको खैरो कालो रंगको सुकाएको गेडालाई सम्झनु पर्दछ । यसमा बाह्य पदार्थ जस्तै धूलो, डाँठ, पात तथा अन्य पदार्थहरू तौलको हिसाबले ३.० प्रतिशत भन्दा बढी हुनु हुँदैन र अन्य खोक्रो हलुका गेडाहरू तौलको हिसाबले १०.० प्रतिशत र साना-साना गेडाहरू तौलको हिसाबले ४.० प्रतिशत भन्दा बढी हुनु हुँदैन । कीराले क्षति पुऱ्याएको दाना तौलको हिसाबले ५.० प्रतिशत भन्दा बढी हुनु हुदैन र बाहिरी रंग मिसाइएको हुनु हुँदैन ।

### ०४.०६.०१ सिंगो खुर्सानीः

सिंगो खुर्सानी भन्नाले क्याप्सिकम एनम वा क्याप्सिकम फ्रटेसन्स एल (Capsicum annum of capsicum, frutescens L.) पाकेको सुकाएको फल अथवा कोसालाई सम्झनु पर्दछ । यसमा बाह्य पदार्थ खुर्सानीको डाँठ, डाँठका टुक्रा, फोहर, कसिंगर, माटो र अन्य बाह्य पदार्थको तौलको हिसाबले ५.० प्रतिशत भन्दा बढी हुनु हुँदैन । खुर्सानी कोसामा बाहिरी रंग, खनिज तेल र अन्य हानिकारक पदार्थहरू हालेको हुनु हुँदैन । कीराले क्षति पुऱ्याएको खुर्सानी तौलको हिसाबले ५.० प्रतिशत भन्दा बढी हुनु हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०४.०७.०१ मंगलो धनियाँ :

मंगलो धनियाँ भन्नाले कोरिएन्ड्रम सटाइभम एल (Coriandrum Sativum L.) का सुकाएको पाकेको गेडालाई सम्झनु पर्दछ । यसमा बाह्य पदार्थ जस्तै धूलो कसिंगर, माटो, डाँठ, पराल, धनियाँका बीउ बाहेक अन्य खालका खाद्य गेडा तथा कीराले क्षति पुऱ्याएको समेत गरेर तौलको हिसाबले ८.० प्रतिशत भन्दा बढी हुनु हुँदैन । कीराले क्षति पुऱ्याएको भाग तौलको हिसाबले ५ प्रतिशत भन्दा बढी हुनु हुँदैन। यसमा वाहिरी रंग हालेको हुनु हुँदैन ।

संकेत नं. ०.६ गुलियो पदार्थ :

०६.०१.०१ चिनी :

चिनी भन्नाले उखु अथवा गुलियो चुकन्दर (Sugar beet) बाट उत्पादन भएको दानेदार पदार्थलाई सम्झनु पर्दछ। यो धूलो, कसिंगर, फलामको धूलो र बाहिरी रंग नभएको हुनु पर्दछ । यसको गुणस्तर निम्नानुसारको हुनु पर्दछ ।

| | |
|---|---|
| (क) जलांश (१०५° से. $\pm$ १° से. मा ३ घण्टा तताउँदा) | – ०.५ प्रतिशतमा नबढेको (तौलको हिसाबले) |
| (ख) सुक्रोज | – ९८.० प्रतिशतमा नघटेको (तौलको हिसाबले) |
| (ग) बाह्य पदार्थ | – ०.१ प्रतिशतमा नबढेको (तौलको हिसाबले) |
| (घ) सल्फर डाइअक्साइड | – ७० पि.पि.एम. मा नबढेको |

०६.०१.०२ मिश्री

मिश्री भन्नाले विभिन्न किसिमका चिनीबाट उत्पादन भएको ढिक्कालाई सम्झनु पर्दछ। यो धूलो, कसिंगर, फलामको धूलो र बाहिरी रंग नभएको हुनु पर्दछ । यसको गुणस्तर निम्नानुसारको हुनु पर्दछ ।

| | |
|---|---|
| (क) जलांश (१०५° से. $\pm$ १° से. मा ३ घण्टा तताउँदा) | – १.० प्रतिशतमा नबढेको (तौलको हिसाबले) |
| (ख) कुल भष्म | – ०.४ प्रतिशतमा नबढेको (तौलको हिसाबले) |
| (ग) सुक्रोज | – ९८.० प्रतिशतमा नघटेको (तौलको हिसाबले) |
| (घ) बाह्य पदार्थ | – ०.१ प्रतिशतमा नबढेको (तौलको हिसाबले) |
| (ङ) सल्फर डाइअक्साइड | – ७० पि. पि. एम. मा नबढेको । |

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।